

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्नै छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क ११९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ बैशाख ३० गते आइतबार ❑ 12 May 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## पोखरामा पर्यटक बढाउन प्रकृति र संस्कृति महत्वपूर्ण : मुख्यमन्त्री अधिकारी

**पोखरापत्र संवाददाता**
पोखरा, २९ बैशाख

गण्डकी प्रदेशका मुख्यमन्त्री खगराज अधिकारीले प्रकृति र संस्कृतिको माध्यमबाट पोखरामा पर्यटकको आगमन बढाउन सकिने बताउनुभएको छ।

शनिबार गण्डकी प्रज्ञा-प्रतिष्ठानले आयोजना गरेको तेस्रो वार्षिकोत्सव तथा श्रष्टा सम्मान कार्यक्रममा बोल्दै उहाँले त्यसका लागि साहित्य, संस्कृति र कला मार्फत विश्वभर सन्देश छर्दै गण्डकी प्रदेशलाई चिनाउनुपर्नेमा जोड दिनुभयो।

पोखरा पर्यटनको राजधानी घोषणा भएपनि त्यसलाई साकार रुप दिनको लागि धेरैं काम गर्न बाँकी रहेको उहाँले खुलाउनुभयो । 'पर्यटनको राजधानी घोषणा त भएको छ हामीले गर्नु धेरैं छ, पोखरा कला, संस्कृति र प्रकृतिको राजधानी समेत हो, यी विशिष्ट प्रकृति र संस्कृतिप्रतिको सम्मानको लागि यसलाई उजागर गर्दै संसारभरी पर्यटन उत्पादनको रुपमा अगाडि बढाउनुपर्छ' मुख्यमन्त्री अधिकारीले भन्नुभयो । यहाँको कला, साहित्य, संस्कृति र संगीतको क्षेत्रमा गण्डकी प्रज्ञा-प्रतिष्ठानले गरेका कार्यहरुको भने उहाँले प्रंशसा गर्नुभयो । 'गण्डकी प्रज्ञा-प्रतिष्ठानले गरेका कार्य उत्कृष्ट छन्, फूल सारे माया नमारे भन्ने गीतले भनेझैं फूल राम्ररी सार्नेछौ, संरक्षण गर्नेछौं,



संरक्षणको अभियान निरन्तर जारी छ' उहाँले थप्नुभयो ।

प्रतिष्ठानले गर्ने कार्यमा गण्डकी प्रदेश सरकारका निरन्तर साथ रहने उहाँको प्रतिवद्धता थियो । वार्षिकोत्सवको अवसरमा गण्डकी प्रदेशका विभिन्न क्षेत्रमा स्थापित बनिसकेका ७ जना श्रष्टालाई सम्मान अर्पण गरियो । गण्डकी प्रज्ञा संस्कृति सम्मानबाट कास्कीका श्रष्टा खगराज शर्मा, गण्डकी प्रज्ञा साहित्य सम्मानबाट बागलुङका श्रष्टा भूपिन खड्का, गण्डकी प्रज्ञा संगीत सम्मानबाट स्याङजाका श्रष्टा पुरुषोत्तम न्यौपाने, गण्डकी प्रज्ञा कला सम्मानबाट कास्कीका गोपाल श्रेष्ठ सम्मानित हुनुभयो । उहाँहरुलाई जनही एक लाख रुपैयाँ नगद, सम्मानपत्र, दोसल्लासहित सम्मान अर्पण गरिएको हो । गण्डकी प्रज्ञा प्रतिष्ठान नारी सम्मानबाट तनहुँकी सरस्वती प्रतिक्षा सम्मानित हुनुभयो । उहाँलाई नगद पचास हजार रुपैयाँको साथमा सम्मानपत्र र दोसल्लाले सम्मान गरिएको थियो । गण्डकी प्रज्ञा युवा सम्मानबाट नृत्य विधाबाट स्याङ्जाका रविन गुरुङ र कला विधाबाट मुस्ताङका छिरिङ फोन्जो गुरुङ सम्मानित हुनुभयो । उहाँहरुलाई नगद २५ हजार रुपैयाँको साथमा सम्मानपत्र र दोसल्लाले सम्मान अर्पण गरियो ।

सम्मानित सबैलाई गण्डकी प्रदेशका मुख्यमन्त्री अधिकारी सहित, सामाजिक विकास तथा स्वास्थ्यमन्त्री सीता सुन्दास, उर्जा जलश्रोत तथा खानेपानी मन्त्री वेदबहादुर गुरुङ, गण्डकी प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डा.श्रीकान्त शर्मा खतिवडा, नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका पूर्व कुलपति सरुभक्त श्रेष्ठ, कवि एवं संस्कृतिकर्मी तीर्थ श्रेष्ठ, वरिष्ठ लोक दोहोरी गायिका प्राज्ञ हरिदेवी कोइराला, प्रतिष्ठानका कुलपति सुर्य खड्का विखर्ची, उपकुलपति गोरे गुरुङ लगायतले सम्मान अर्पण गर्नुभएको थियो ।

गण्डकी प्रज्ञा प्रतिष्ठानका उपकुलपति गोरे गुरुङको संयोजकत्वमा गठन भएको छनोट समितिले श्रष्टाहरु छनोट गरेको हो । छनोट समितिमा कवि एवं संस्कृतिकर्मी तीर्थ श्रेष्ठ, वरिष्ठ लोक दोहोरी गायिका प्राज्ञ हरिदेवी कोइराला, कलाकार यादव चन्द्र भुर्तेल र सदस्य सचिव मनकुमार श्रेष्ठ सदस्य रहनुभएको थियो । वार्षिकोत्सबको अवसर पारेर प्रतिष्ठान परिसरमा निर्माण गरिएको श्रष्टा स्मृति पार्कको उद्धाटन गरियो । पार्कको गण्डकी प्रदेशका मुख्यमन्त्री अधिकारीले उद्‌घाटन गर्नुभएको थियो ।

कला, साहित्य, संगीत र संस्कृतिको बिधालाई महत्वका साथ स्थान दिँदै यिनको संरक्षण तथा प्रवर्द्धन गर्ने कार्य गरिरहेको प्रतिष्ठानको स्थापना २०७८ साल बैशाख १५ गते भएको थियो । प्रतिष्ठान स्थापना देखि हालसम्मको तीन वर्षे गतिविधिको बारेको भिडियो प्रदर्शन समेत सोही कार्यक्रममा गरिएको थियो । विभिन्न झाँकी सहितको साँस्कृतिक प्रस्तुती र गायन प्रस्तुती समेत कार्यक्रमको आर्कषणको रुपमा रहेका थिए । प्रतिष्ठानका कुलपति विखर्चीको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत उपकुलपति गुरुङ र सञ्चालन सदस्य सचिव श्रेष्ठले गर्नुभएको थियो ।

## 'घरजग्गा खरिदबिक्री नहुँदा अर्थतन्त्र कमजोर'

**पोखरापत्र संवाददाता**
पोखरा, २९ बैशाख

नेपाल जग्गा तथा आवास विकास महासङ्घका केन्द्रीय अध्यक्ष भेषराज लोहनीले देशको अर्थतन्त्र कमजोर हुनुमा घरजग्गा कारोबारको प्रतिकूल अवस्था पनि एक भएको बताउनुभएको छ।

गण्डकी जग्गा तथा आवास विकास व्यवसायी सङ्घ पोखराको २०औँ वार्षिक साधारणसभा तथा पाँचौं अधिवेशनको शनिबार पोखरामा उद्‌घाटन गर्दै अध्यक्ष लोहनीले वार्षिक रु १५ खर्ब बराबरको घरजग्गा कारोबार हुने गरेकामा कोरोना महामारी र आर्थिक मन्दीका कारण उक्त कारोबार घटेको बताउनुभयो । घरजग्गा व्यवसायीलाई व्यवस्थित र मर्यादित बनाउन सरकारले घरजग्गा कारोबार नियमावली ल्याउन जरुरी भएको उहाँको भनाइ छ । "रियल स्टेट कम्पनीलाई




व्यवस्थित गर्दै व्यवस्थित सहरको विकास गर्न नगर विकास योजना र रियल स्टेट कम्पनी सहकार्य गरेर अगाडि बढ्नुको विकल्प छैन", अध्यक्ष लोहनीले भन्नुभयो, "घरजग्गाको कारोबार रियल स्टेट कम्पनीले मात्र गर्न पाउनुपर्ने व्यवस्था सरकारले गर्नुपर्छ।" जग्गा व्यवसायी यदुनाथ अधिकारीले युवालाई विदेश जानबाट रोक्न स्वदेशमै सीपमूलक तथा विकास निर्माणमा लगाउनुपर्नेमा जोड दिनुभयो । घरजग्गा कारोबारलाई व्यवस्थित बनाउँदै एकीकृत रूपमा लगानी गर्नुपर्नेमा उहाँले जोड दिनुभयो । पोखरालाई व्यवस्थित सहर बनाउन जग्गा व्यवसायीको एकीकृत लगानी आवश्यक भएको अधिकारीको भनाइ छ । कार्यक्रममा लेखनाथ उद्योग वाणिज्य सङ्घका उपाध्यक्ष राजेन्द्र ओझा, नेपाल पत्रकार महासङ्घ कास्कीका अध्यक्ष विमला भण्डारी, गण्डकी जग्गा तथा आवास विकास व्यवसायी सङ्घ पोखराका अध्यक्ष अरुण त्रिपाठीलगायतले आ-आफ्नो धारणा राख्नुभएको थियो ।

## बाल गोपाल भजन कृतन सेवा समितिको अध्यक्षमा माधव

**पोखरापत्र संवाददाता**
पोखरा, २९ बैशाख

पोखरा महानगरपालिका वडा नं १३ स्थित बाल गोपाल भजन कृतन सेवा समितिको १८ औं साधारण सभा तथा ७ औं माहाधिवेशनले माधव नारायण श्रेष्ठलाई अध्यक्षमा चयन गरेको छ । शनिवार भएको माहाधिवेशनले समितिको उपाध्यक्षद्धयमा केशव


बाँकी अन्तिम पृष्ठमा ▶▶




## मर्स्याङ्दी करिडोर अन्तर्गत लम्जुङ, गोर्खा र तनहुँका होटल व्यावसायीलाई तालिम हुने

**पोखरापत्र संवाददाता**
पोखरा, २९ बैशाख

होटल व्यवसायी महासंघ गण्डकी प्रदेश र नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशको संयुक्त अयोजनामा तनहुँमा आईतबार र सोमबार दुई दिने आवासीय तालिम हुने भएको छ।

मर्यादी करिडोर अन्तर्गतका होटल व्यवसायीहरु तथा त्यसमा काम गर्ने कामदार "स्वच्छ र पर्यटकमैत्री सेवा प्रवाह सम्बन्धी" दुई दिने तालिम तनहुँको दमौलीमा आयोजना हुने भएको शनिवार दमौलीमा आयोजित पत्रकार भेटघाट कार्यक्रममा जानकारी गराईएको हो । दमौलीको ह्वाईट हाउस होटलमा यहि वैशाख ३० र ३१ गते होटल व्यवसायी संघ तनहुँको सह-आयोजनामा मर्स्याङ्दी करिडोर अन्तर्गत लम्जुङ, गोर्खा र तनहुँ जिल्ला आसपासका होटल तथा पर्यटन व्यवसायीहरु र कामदारहरु समेत गरी ६० जनाको सहभागिता हुने भएको महासंघ गण्डकीका अध्यक्ष अर्जुन चोखालले बताउनु भयो । गण्डकी प्रदेशभरीका होटल रेष्टुरेन्ट तथा पर्यटन व्यवसायीहरुको छाता संगठनको रुपमा होटल व्यवसायी महासंघ गण्डकी




प्रदेशको होटल तथा पर्यटन व्यवसायलाई मर्यादित बनाउने, व्यवसायको स्तरोन्नति गर्ने, विभिन्न तालिम तथा प्रशिक्षणहरु सञ्चालन गरि सेवा व्यवसायलाई गुणस्तरीय बनाउने, व्यवसायीहरुका समस्यामा सहयोग गर्ने, गण्डकी प्रदेशका सबै पर्यटकीय गन्तव्य र आसपासका व्यवसायीहरुको क्षमता अभिवृद्धि गरी गुणस्तरीय सेवा प्रवाह गर्न अभिप्रेरित गर्ने साथै नेपाल सरकार, गण्डकी प्रदेश सरकार, नेपाल पर्यटन बोर्ड र स्थानीय तहहरुले अवलम्बन गरेका पर्यटनका कार्यक्रमहरुसँग साझेदारी गर्दै रचनात्मक भूमिका खेल्ने मुख्य उद्देश्य राखिएको उहाँले बताउनुभयो ।

स्थापना भएको हो। मुलुकको संघीय संरचना अनुसार केन्द्रमा होटल व्यवसायी महासंघ नेपाल, प्रदेशमा होटल व्यवसायी महासंघ गण्डकी, जिल्ला र पालिकामा होटल व्यवसायी संघका रुपमा इकाईहरु गठन गरिएका छन् । गण्डकी प्रदेशका ११ वटै जिल्ला र ८५ वटै पालिकामा इकाईहरु निर्माण गर्ने अभियानमा गण्डकी प्रदेश महासंघ लागिरहेको जानकारी गराउँदछौं । उत्तरमा मनाङको तिलिचो तालदेखि दक्षिणमा गोर्खा, तनहुँ र चितवनको संगमस्थल मुग्लिनसम्म लम्बिएको मर्स्याङ्दी नदी आसपासमा करिब ८ हजार होटल तथा रेष्टुरेण्टहरु सञ्चालनमा रहेको अध्यक्ष चोखालले जनाउनु भयो ।

यस क्षेत्रको गुणस्तरीय पर्यटन विकासबाट ठूलो मात्रामा रोजगारी सिर्जना हुने तथा देशको मजबूत अर्थतन्त्र निर्माणमा सहयोग पुग्ने भएकाले होटल तथा रेष्टुरेन्ट व्यवसायीहरुको क्षमता अभिवृद्धि, कर्मचारीको सीप र दक्षता अभिवृद्धिको आवश्यकतालाई मध्यनजर गरी यी कार्यक्रमको आयोजना गरिएको महासंघका महासचिव देवेन्द्र लम्सालले बताउनु भयो । सहभागीहरुलाई खाद्य स्वच्छता, सरसफाई र पोसाक, पर्यटकमैत्री व्यवहार तथा आचरण, व्यवसायमा प्रविधिको प्रयोग, व्यवसायी र कर्मचारीबिचको सम्बन्ध व्यवसायको प्रचारप्रसार र प्रवर्द्धन, स्थानीय उत्पादनको व्यावसायिकरण लगायतका विषयहरुमा तालिम प्रदान गरिने भएको हो । तालिमका प्रमुख प्रशिक्षकमा नेपाल टुरिजम एण्ड होटल म्यानेजमेन्ट कलेज पोखराका प्रिन्सिपल प्रकाश रेग्मी, प्रशिक्षकहरुमा खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यलयका अधिकृत ज्योति आचार्य, नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालयका लेखा अधिकृत सागर श्रेष्ठ लगायतका रहनु भएको छ। उक्त तालिमको उद्धाटन आईतबार विहान ११:०० बजे इन्दिरा दूराई व्यास नगरपालिकाका नगर प्रमुख वैकुण्ठ न्यौपानेले गर्नुहुनेछ।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# बाइस महिनामा पनि बनेन दुई किमी सडक

**पोखरापत्र संवाददाता**
पोखरा, २९ बैशाख

राष्ट्रिय गौरवको आयोजना मध्यपहाडी लोकमार्गअन्तर्गत कास्कीको हरिचोक-याम्दी खण्डको दुवैतिर चार लेनको चिल्लो सडक छ।

बीचको करिब दुई हजार दुई सय मिटर सडक भने अहिले पनि कच्ची छ। निर्माण कम्पनीको ढिलासुस्तीले सडक विस्तार र स्तरोन्नतिले गति लिन नसकेको पर्वतस्थित लोकमार्ग आयोजना कार्यालयले जनाएको छ। कार्यालय प्रमुख कल्पना अधिकारीका अनुसार दुई वर्षमा सक्ने गरी विसं २०७९ साउनमा काठमाडौंको मोतिदान कन्स्ट्रक्सन सेवा प्रालिले सडक निर्माणको जिम्मा लिएको थियो। समयमा काम पूरा हुन नसक्ने देखिएपछि ठेक्का म्याद आउँदो चैतसम्म थप भएको उहाँले जानकारी दिनुभयो। विद्युत्का खम्बा, खानेपानी व्यवस्थापन, भुक्तानी समस्या जस्ता कारणले पनि सडक निर्माणमा ढिलाइ भएको कार्यालय प्रमुख अधिकारीले बताउनुभयो। "ठेक्का तोड्ने तयारीमा थियौँ, पछि निर्माण कम्पनीबाट कामलाई तीव्रता दिने प्रतिबद्धता आएपछि म्याद थपिएको हो", उहाँले भन्नुभयो, "समयमा भुक्तानी दिन नसक्नेजस्ता कमजोरी आयोजना व्यवस्थापनबाट पनि भए, त्यसले पनि काम केही प्रभावित भयो।" आयोजना कार्यालयले समयमा काम सक्न निर्माण कम्पनीलाई पटकपटक ताकेता गर्दै आएको थियो।

सुरुको ठेक्का अवधि सकिन लाग्दा पनि कामको प्रगति न्यून रहेको प्रमुख अधिकारीले बताउनुभयो। पोखरा महानगरपालिका-१ का अध्यक्ष सहारा प्रधानले प्रदेश राजधानी जोड्ने मुख्य सडक दुई वर्षदेखि नाजुक अवस्थामा रहेको बताउनुभयो। "हामीले पटकपटक दबाबमूलक कार्यक्रम पनि गर्‍यौं तर निर्माण कम्पनीले विभिन्न बहाना बनाउँदै काममा ढिलासुस्ती गरिरहेको छ", उहाँले भन्नुभयो, "पोखरा प्रवेश गर्ने मुख्य सडक मार्गको अवस्था साह्रै दयनीय छ, स्थानीय पनि धूलो र हिलोले हैरान छन्।"

केही दिनअघि निर्माणका विषयमा प्रमुख जिल्ला अधिकारीसहित, स्थानीय जनप्रतिनिधि, आयोजनाका प्रतिनिधिलगायतको छलफलमा निर्माण कम्पनीका प्रतिनिधिले कामलाई गति दिने प्रतिबद्धता जनाएको वडाध्यक्ष प्रधानले बताउनुभयो। "मौसमको प्रतिकूलता, भुक्तानी नपाएको जस्ता समस्या देखाएर निर्माण कम्पनीले काममा ढिलासुस्ती गरिरहेको छ", उहाँले भन्नुभयो, "अहिले पनि भने जसरी काम भएको छैन।" पोखरा-बागलुङ चल्ने जिपका चालक लक्ष्मण क्षेत्रीले समयमा सडक नबन्दा यात्रामा सास्ती खेप्नुपरेको सुनाउनुभयो। "एकातिर गाडीलाई मार अर्कातिर यात्रुलाई सकस", उहाँले भन्नुभयो, "दुवैतर्फ चार लेन कालोपत्र सडक छ, बीचको बाटो किन बनेन अचम्म छ।" ग्राभेल हालेर खाल्डाखुल्डी पुर्ने र पानी तर्काउनेसम्मको काम पनि नभएकामा उहाँले दुःखेसो पोख्नुभयो। सोही सडकका कारण पोखरासम्मको यात्रा झन्झटिलो र लामो बनेको यात्रुको गुनासो छ। पोखराको जिरो किमीदेखि हरिचोक र याम्दीदेखि फेदीसम्मको सडक दुई वर्षअघि नै कालोपत्र गरिएको थियो। प्रदेश राजधानी पोखरा जोड्ने मुख्य सडकको दूरावस्थाप्रति जनगुनासो पनि बढ्दै गएको छ। पश्चिमतर्फ पर्वत, बागलुङ, म्याग्दी, मुस्ताङ, रुकुम पूर्वलगायत जिल्लाबाट लोकमार्ग हुँदै दैनिक सयौँ गाडी पोखरा आउजाउ गर्छन्। सडक जीर्ण र अस्तव्यस्त हुँदा सवारी जामको समस्या छ। दुर्घटनाको पनि जोखिम बढेको छ।

# राष्ट्रिय माविको हीरक महोत्सव

**पोखरापत्र संवाददाता**
पोखरा, २९ बैशाख




तेन्जेन रोक्का मगर र कविता मगरले पोखरा महानगरपालिका वडा नम्बर १ पुरानो टुँडिखेल स्थित राष्ट्रिय माध्यमिक विद्यालयले आयोजना गरेको पाँच किलो मिटर छात्र/छात्रा सडक दौडको उपाधि हात पारेका छन्।

स्थापनाको ७५ औ वर्ष प्रवेशको अवसरमा हीरक महोत्सव मनाइरहेको विद्यालयले हीरक महोत्सव अर्न्तगत गठन गरिएको खेलकुद उपसमितिले शनिबार आयोजना गरेको दौडमा छोरेपाटन माविका तेन्जेनले सहभागि अन्य ६ सय १३ जनालाई पछि पादै निर्धारित दुरी १६ मिनेट ५७.६३ सेकेण्ड पुरा गदै उपाधि हात पार्दा छात्रातर्फ २२ मिनेट ३२.०१ सेकेण्डमा दौड पुरा गरेकी गौरीशंकर माविकी कविताले सहभागि अन्य दुई सय ५३ जनालाई पछि पादै उपाधि हात पार्न सफल भएकी हुन्। प्रतियोगिता अर्न्तगत छात्रतर्फ १७ मिनेट १२.६३ सेकेण्डका दुरी पार गरेका छोरेपाटन माविका प्रकाश थिङ दोस्रो र १७ मिनेट ४७.९४ सेकेण्डमा दुरी पुरा गरेका अक्सफोर्ड स्कुलका इश्वर ढकाल तेस्रो भए। छात्रातर्फ २२ मिनेट ३५.०९ सेकेण्डमा दुरी पार गदै मेघराज आधारभुत माविकी एन्जिला जिटी दोस्रो र २२ मिनेट ४६.०५ सेकेण्डमा दौड पुरा गरेकी छोरेपाटन माविकी साधना सेवा तेस्रो भईन।

छात्र/छात्रा प्रथम, दोस्रो र तेस्रो हुनेहरुले क्रमश सात, पाँच र तीन हजार नगद सगै पदक र प्रमाण पत्र पुरस्कार पाए। विभिन्न ४४ विद्यालयका ६ सय १४ छात्र र दुई सय ५४ छात्रा गरी कुल आठ सय ६८ जनाले सहभागिता जनाएका थिए। विजेता खेलाडीहरुलाई गण्डकी प्रदेश सभाका सदस्य गणेशमान गुरुङ, पोखरा महानगरपालिका वडा नं १ का अध्यक्ष शाहारा प्रधान, विद्यालयका अध्यक्ष रामविक्रम राणा, प्रधानाध्यापक इश्वरी सापकोटा लगायतले पुरस्कार वितरण गरेका थिए। विद्यालयको गेटबाट सुरु भएको दौड हरिचोक - विन्ध्यवासिनी मन्दिर - बागलुङ बसपार्क - भिमसेन मन्दिर चोक - कोपिलढुङ्गा चोक - ज्ञानभूमि स्कूल चोक - बाल मन्दिर स्कुल चोक - पि.एन. क्याम्पस चोक - भीमकालीपाटन चोक - वडा कार्यालय पोखरा १ - लामपाटन मार्ग - सिम्पानी चोक - हरिचोक हुदै टुँडिखेलमा आएर सम्पन्न भएको थियो। खेलकुद अर्न्तगत दौड पछि विद्यालयले परम्परागत छेलो (ठेलो) प्रतियोगिता (छात्र/छात्रा) सगै जिल्ला स्तरीय भलिबल प्रतियोगिता (छात्र/छात्रा) समेत आयोजना गर्ने तयारि गरेको छ।

# कोन सहकारीको ल्याव परिक्षणमा एक सय ५७ जना सहभागी

**पोखरापत्र संवाददाता**
पोखरा, २९ बैशाख



पोखरा महानगरपालिका वडा न १३ कुँडहर स्थित कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि.ले स्वास्थ्य सचेतना तथा ल्याव परिक्षण सम्बन्धी कार्यक्रम शुक्रवार गरेको छ।

रजत जयन्तीको अवसरमा सहकारीले आफ्नै भवनमा स्टार डाइग्नोसिस सेन्टर प्रालिको प्राविधिक सहयोगमा ल्याब परिक्षण कार्यक्रम गरेको हो।

सामाजिक उत्तरदायित्व अन्तर्गत सहकारीको शिक्षा उपसमितिद्वारा आयोजित कार्यक्रममा एक सय ५७ जना सहभागी भएका थिए। वडा नं १३ का वडा अध्यक्ष किरण वरालले सचेतना तथा ल्याव परिक्षण कार्यक्रमले सदस्य तथा जनतालाई ठूलो गुण लगाएको भन्नु भयो। वडा अध्यक्ष वरालले कोन सहकारीले शिक्षा तथा स्वास्थ्य क्षेत्रमा दिन प्रतिदिन उल्लेखनीय कार्य गर्दै आएको चर्चा गर्नु भयो। कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि.का अध्यक्ष तीर्थबहादुर बस्नेतले स्वागत तथा कार्यक्रमको वारे जानकारी दिनुभयो। पोखरा महानगरपालिका वडा न १० स्थित स्टार डाइग्नोसिस सेन्टर प्रालिका डा लक्ष्मण वाँस्तोलाले रगत जाँच गरेर हुने राम्रा पक्षको वारेमा जानकारी दिनु भएको कार्यक्रममा शिक्षा उपसमितिका संयोजक खड्कवहादुर गुरुङ(खुसीमान)ले संचालन गर्नु भएको थियो। सोही दिन स्टार डाइग्नोसिस सेन्टरमा हुने ल्याव परिक्षणमा ५० प्रतिशत छुट हुने गरी कोन सहकारीले सम्झौता गरेको छ।

# रक्तदान जीवनदान जीवनदान महादान

# बाल गोपाल ...

द्धा, दया द्धा, सचिवमा कल्याण कुमार ढेवाजू, कोषाध्यक्षमा इच्छा नारायण ढेवाजू र सह कोषाध्यक्षमा मदनप्रसाद ढेवाजू चयन भए। त्यसैगरी सदस्यहरुमा क्रमश सविना तभ्र्या, रमाकान्त आचार्य, रजत ढेवाजू, दुर्गा ढेवाजू र भरत वैदार रहेका छन्। वडा न १३ का वडा अध्यक्ष किरण वरालले बाल गोपाल समितिले समाजमा संस्कृति र भाइचाराको विकासमा धेरै कार्य गरेको चर्चा गरे। सोही कार्यक्रममा बाल गोपाल यूवा समितिका सक्रिय सदस्य राजु आचार्यलाई सम्मान गरिएको हो। हालसालै विश्व प्रसिद्ध ह्विवट्ली पुरस्कारवाट बेलायतमा पुरस्कृत हुनु भएकोमा आफ्नै टोलमा आचार्य सम्मानित भएका बाल गोपाल यूवा समितिका अध्यक्ष धिरज प्रसाद ढेवाजूले पोखरापत्रलाई बताए। बाल गोपाल भजन कृतन सेवा समितिका अध्यक्ष डम्बरवहादुर श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रममा रामगोपाल ढेवाजूले धन्यवाद र संचालन सचिव माधवनारायण श्रेष्ठले गरेका थिए।

सभामा निर्वाचन समितिको संयोजकमा रामगोपाल ढेवाजू र सदस्यहरुमा क्रमश पुस्कर श्रेष्ठ, डा. चन्दन श्रेष्ठ र अच्युत ढेवाजू रहेका थिए।

# उद्योगी व्यवसायीको र लगानीकर्ताको मनोवल वृद्धि गर्नु आवश्यक छ : अर्थमन्त्री चुमान

**पोखरापत्र संवाददाता**
पोखरा, २९ बैशाख




गण्डकी प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री हरिबहादुर चुमानले अहिले नेपालको अर्थतन्त्र संङ्क टमा नभएको बताउँदै उनले उद्योगी व्यवसायीको र लगानीकर्ताको मनोवल वृद्धि गर्नु आवश्यक रहेको बताएका छन्।

नेपाल उद्योग व्यापार महासंघ गण्डकी प्रदेशको दोस्रो साधारणसभाको शनिबार पोखरामा उद्धाटन गर्दै उनले उद्योग, व्यापार तथा व्यवसायिक क्षेत्रलाई चलायमान बनाउने खालका कार्यक्रमलाई प्रदेश सरकारले प्राथमिकता दिने उल्लेख गरे। "नेपालको अर्थतन्त्र कहिल्यै पनि सङ्कटमा छैन, विविध कारणले व्यापार व्यवसाय चलायमान बन्न नसकेको मात्र हो।" मन्त्री चुमानले भने, "प्रदेश सरकारले आगामी वर्षका कार्यक्रममा निजी क्षेत्रको आत्मवल वृद्धि गर्ने र आर्थिक सुधारका कार्यक्रम ल्याउने छौँ।"

आर्थिक मामिलामन्त्री चुमानले पूँजीगत खर्च वृद्धि गर्नका लागि आगामीवर्षदेखी प्रदेश सरकारका योजना कार्यक्रमलाई भदौ पहिलोसातादेखीनै कार्यान्वयनमा लैजाने बताए।

आर्थिकवर्षको अन्त्यतिर आएर बल्ल कार्यान्वयन प्रक्रिया सुरु गर्ने, योजनाहरुलाई बहुवर्षिय बनाउने लगायतका कामका कारणले पूँजीगत खर्च कमजोर बनेको उनले जिकिर गरे।

नेपाल उद्योग व्यापार महासङ्घका केन्द्रीय अध्यक्ष खिमलाल भण्डारीले उद्योग व्यापार र उत्पादनमा आत्मनिर्भर अर्थतन्त्रको विकासका लागि स्थानीयस्तरमा उत्पादित वस्तुहरुको व्यापारको प्रत्सोहन र उचित मूल्य सहितको बजार व्यवस्था सरकारले गर्नुपर्नेमा जोड दिए।

गण्डकी प्रदेशका पूर्वअर्थमन्त्री रामजी प्रसाद बरालले करको दर दर कम गरी दायरा फराकिलो बनाउनुपर्ने बताए। उनले राज्य प्रणाली सही भएपनि सो अनुसारको शासकीय स्वरुप नहुँदा आसातित आर्थिक विकास हुन नसकेको उल्लेख गरे।


महासङ्घ गण्डकीका अध्यक्ष जनकराज पराजुलीले प्रदेशका उद्योगी व्यवसायीहरुको पेशागत हकहित र अधिकारका लागि विभिन्न तहका सरकारसँग महासङ्घले आवाज उठाउँदै आएको र व्यवसायीहरुको वृत्ति विकासका लागि सीपमुलक तालिमहरु आयोजना गरिएको बताए।

साधारणसभाको उद्धाटन समारोहमा पोखरा उद्योग वाणिज्य संघका कार्यसमिति सदस्य बालकृष्ण कोइराला, संस्थाका उपाध्यक्ष अर्जुन चोखाल, प्रेस सेन्टर कास्कीका अध्यक्ष कृष्ण दवाडी लगायतका वक्ताहरुले साधारणसभा सफलताको शुभकामना व्यक्त गरे। साधरणसभाले महासंघका अध्यक्ष जनक पराजुली, महासचिव गोविन्द बहादुर थापा र कोषाध्यक्ष गोकुलप्रसाद कँडेलले प्रस्तुत गरेको प्रतिवेदन पारित गरेको छ।


**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

**सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

**प्यारालाइसिसका बिरामीको उपचार**

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाइसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सर्म्पक:
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरुषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

**महिलाहरुमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

**मलद्वार सम्बन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१–५८२५०८, ०६१–५७०६५१, ०६१–५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

समय विताउन चाहनुहुन्छ भने नमरेसम्म श्रम गर्नुहोस ।
– सास लिभोसन

## सम्पादकीय

# सदन कांग्रेस र रबीको लडाँईमा नफसोस

संसदको बजेट अधिवेशन शुरुको दिनदेखि नै अधिवेशन सहज रुपमा चल्न सकेन । संसद अधिवेशनको पहिलो दिन दुवै सदन रार्ष्ट्रिय सभा र प्रतिनिधि सभा प्रमुख प्रतिपक्षी नेपाली काङ्ग्रेसले अवरुद्ध गर्यो । दुवै सदनको बैठक सुचारु हुन सकेन । अब दुवै सदनको बैठक जेठ १ गतेका लागि तोकिएको छ। सो दिन राष्ट्रपति रामचन्द्र पौडेलले सरकारको नीति तथा कार्यक्रम प्रस्तुत गर्ने कार्यक्रम रहेको छ ।

पहिलो दिन दुवै सदनमा प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेको सहकारी प्रकरणमा प्रमाण देखिएको आरोप लगाउँदै संसदीय छानबिन समिति गठन नभएसम्म संसद चल्न नदिने अडान लियो । दुई पटक बसेको प्रतिनिधिसभामा कांग्रेसले उठेर विरोध मात्र गरेन नाराबाजी समेत गर्यो । कांग्रेसको अवरोधका बीच सभामुख देवराज घिमिरेले बैठक संचालन गर्न खोजेपछि कांग्रेसले वेल घेराउ गर्दै नारबाजी गरेको थियो ।

दोस्रो बैठकमा सभामुखले बैठक शुरु हुनासाथ गृहमन्त्री लामिछानेलाई बोल्न समय दिएपछि कांग्रेसका सांसदहरुले गृहमन्त्रीलाई रोष्टममै जानबाट रोकेपछि उनले सम्बोधन भने गर्न पाएनन।बिहान संसदीय दलको बैठकमा रबी लामिछानेलाई बोल्न दिने निर्णय गरेको काङ्ग्रेसले सदनमा अबरोध गरेर द्बैध चरित्र देखाएको छ। काङ्ग्रेस महामन्त्री गगन थापाले आफुले बोल्न पाउने अधिकार भएको भन्दै रबी लामिछानेलाई बोल्न नदिएर अलोकतान्त्रिक व्यवहार देखाएका छन । सदन रबी र गगनको ईगो साँध्ने ठाउँ भएको छ ।

सरकार कांग्रेसको माग बमोजिम रबी लामिछाने केन्द्रीत संसदीय समिति गठन गर्ने पक्षमा देखिदैन । समग्र सहकारीको बेथिति बारे समिति बनाउन तयार छ। काङ्ग्रेस र रास्वपा सभापति रबी लामिछाने बीचमा चलेको वाक युद्धले गर्दा संसद जनताको आवाज थुन्ने ठाउँ बन्न पुगेको छ। संसदीय समिति गठन गरेमा गृहमन्त्री लामिछानेले सरकार छोड्ने चेतावनी दिदै आएका छन् । उनको दल रास्वपाले सरकार छोडेमा प्रचण्ड नेतृत्वको सरकार सिधै अल्पमतमा पर्ने हुनाले सरकारले संसदीय समिति गठन गर्ने सम्भावना तत्कालका लागि देखिदैन ।

अघिल्लो संसद अधिवेशनमा अलि सफ्ट रुपमा प्रस्तुत भएको कांग्रेसले यस अधिवेशनको पहिलो दिन नै कडा रुपमा प्रस्तुत भएको हुँदा सरकारको नीति तथा कार्यक्रम र बजेट पेश गर्न सजिलै दिने संभावना न्यून छ । गगन थापा र गृहमन्त्री रबी लामिछानेबीच सदनमा मात्र होइन संसद बाहिर पनि चुनौतीका भाषा प्रयोग भएका छन। रबीले गगन थापालाई सिधै चुनौती दिदै आफुले निवेदन लिएर ऋण लिएको प्रमाण दिए राजनीति नै छोडिदिने बताएका छन । गगनले पनि राजनीति छाड्ने सम्मका युवा जोस देखाएका छन ।

बजेट अधिवेशनको पहिलो दिनले राम्रो संकेत गरेको छैन । सरकार जबर्जस्ती गरेर अगाडी बढ्ने र प्रतिपक्ष आफ्नो अडानमा कायम रहने संकेत पहिलो दिनको संसद बैठकले गरेको छ । सत्ता पक्ष र विपक्षको यो राजनीतिक टकरावले सरकारको नीति तथा कार्यक्रम तथा जेठ १५ गते पेश गर्नैपर्ने बजेट प्रभावित हुनसक्ने सम्भावना देखिएको छ। समग्रमा संसदीय प्रणाली र परिवर्तनलाई मन नपराउनेलाई मलजल गर्ने काम मात्र हुनेछायो ईगोको लडाँइ छाडेर देशका समस्यामा सदन केन्द्रीत हुन आवश्यक छ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक तनाब | तुला | : शुभ यात्रा |
| वृष | : शारीरिक झमेला | वृश्चिक | : स्वास्थ्यमा सुधार |
| मिथुन | : ब्यापारमा लाभ | धनु | : सहयोग मिल्नेछ |
| कर्कट | : शत्रुको भय | मकर | : अप्रत्यसित लाभ |
| सिंह | : झमेला बड्ने | कुम्भ | : सत्कार मिल्नेछ |
| कन्या | : कार्यमा सफलता | मीन | : आर्थिक समस्या |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# उत्पादनका आधारमा किसानलाई अनुदान

**पोखरापत्र संवाददाता**
गोरखा, २९ बैशाख

गण्डकी गाउँपालिकाले पालिकाभित्रका किसानलाई व्यावसायिक तरकारी उत्पादनका आधारमा अनुदान वितरण सुरु गरेको छ ।

गाउँपालिकाको चालु आर्थिक वर्षको स्वीकृत कार्यक्रमअनुसार किसानलाई तरकारी उत्पादनमा प्रतिकेजी रु दुई अनुदान रकम उपलब्ध गराउन सुरु गरेको गाउँपालिकाका अध्यक्ष दीपक तिमल्सिनाले जानकारी दिनुभयो । "पालिकाभित्रका वास्तविक किसानसम्म अनुदान पुर्‍याउन यस वर्षदेखि उत्पादनका आधार अनुदान कार्यक्रमको थालनी गरिएको हो", उहाँले भन्नुभयो, "गत माघ २३ गतेबाट कार्यक्रम लागू हुनेगरी स्थानीय कृषि सहकारीमार्फत सम्झौता गरेर गाउँपालिकाले कार्यक्रम अघि बढाएको छ ।" कार्यक्रमअन्तर्गत गाउँपालिकाले अहिलेसम्म तीनवटा वडाका एक सय २८ किसानलाई अनुदान उपलब्ध गराइसकेको छ । अध्यक्ष तिमल्सिनाका अनुसार फागुनमा तरकारी उत्पादन गरेका वडा नं ८ का ६० किसानलाई अनुदानस्वरुप रु तीन लाख ४८ हजार नौ सय ४८ वितरण गरिएको छ । त्यस्तै वडा नं ६ स्थित श्री भैरवी कृषि सहकारीमार्फत ३१ किसानलाई रु ५५ हजार नौ सय ६८ अनुदान उपलब्ध गराइएको उहाँले बताउनुभयो । "गाउँपालिकाले वडा नं ७ स्थित जनकल्याण ताजा तरकारी उत्पादक कृषि सहकारी संस्थामार्फत ३७ किसानलाई रु ४६ हजार चार सय ५४ वितरण गराइसकेको छ", उहाँले भन्नुभयो, "सहकारीमार्फत प्राप्त किसानको विवरणानुसार पालिकाले अहिलेसम्म कुल रु चार लाख ५१ हजार तीन सय ७० रकम किसानलाई अनुदान उपलब्ध गराइसकेको छ ।"

कार्यक्रमअन्तर्गत वडा नं ८ मा एउटै किसानले एक महिनामै पालिकाबाट रु ३७ हजार पाँच सय १८ अनुदान लिएका छन् । "स्थानीय किसान लवबहादुर भुजेलले एकै महिनामा १८ हजार सात सय ५९ किलो तरकारी उत्पादन गर्नुभयो", अध्यक्ष तिमल्सिनाले भन्नुभयो, "यो कार्यक्रमबाट किसानले हौसलासँगै उत्पादनबाट पनि नाफा कमाउन पनि सफल भएका छन् ।" गाउँपालिकाले पालिकाभित्र कृषि उत्पादन बढाउने र किसानको आयआर्जनमा वृद्धि गर्ने उद्देश्यसहित वास्तविक किसानको हातमा अनुदान पुर्‍याउन उत्पादनमा आधारित अनुदान कार्यक्रम कार्यान्वयनमा ल्याएको हो । किसानले सहकारीमार्फत उत्पादनको अभिलेख उपलब्ध गराएपछि गाउँपालिका कृषि शाखाले अनुदान उपलब्ध गराउने अध्यक्ष तिमल्सिनाले जानकारी दिनुभयो । पालिकाले मासु उत्पादन गर्ने किसानलाई पनि अनुदान उपलब्ध गराउने निर्णय गरेको छ।

# यु–२३ बास्केटबल प्रतियोगिता पिप्ले र केबीए फाइनलमा

**पोखरापत्र संवाददाता**
पोखरा, २९ बैशाख

पिप्ले बास्केटबल क्लब र केबिए सेतो पोखरामा जारी यु–२३ खुल्ला बास्केटबल प्रतियोगिताको फाइनलमा प्रवेश गरेका छन् ।

महेन्द्रपुल युथ क्लबको आयोजनामा पोखरा रंगशाला स्थित बास्केटबल कोर्टमा भएको पहिलो सेमीफाइनल खेलमा पिप्ले बास्केटबलले पर्वतलाई ६६-५१ को स्कोटरले हराउँदै फाइनलको यात्रा तय गरेको हो । दोस्रो सेमिफाइनल खेलमा केबिए सेतोले अर्चलबोटलाई ५३-४५ को स्कोरमा हराउदै फाइनलमा पिप्लेको भेट पक्का गरेको हो ।

बैशाख २८ गतेदेखि सुरु भएको प्रतियोगितामा १३ टीमको सहभागीता रहेको थियो। सनिबार नै भएको क्वाटरफाइनलमा पिप्ले बास्केटबलले आयोजक महेन्द्रपुल क्लबलाई ६९-५६ स्कोरमा हराउँदै सेमीफाइनल प्रवेश गरेको थियो। यस्तै केबिए बास्केटबलले मर्दीखोलालाई ६६-५१ को स्कोरमा हराउँदै सेमीफाइनलमा पुगेको थियो ।

दुई दिन हुने प्रतियोगिताको फाइनल खेल भने वर्षाका कारण रोकिएको छ । खेल रोकिएसँगै



आयोजकले आइतबार विहान फाइनल खेल गराउने भएको हो।

महेन्द्रपुल क्लबको इतिहास निकै गर्विलो रहेको छ। २०३८ सालमा भएको प्रथम राष्ट्रिय खेलकुद प्रतियोगितादेखि २०४० सालमा भएको तेस्रो राष्ट्रिय खेलकुद प्रतियोगितासम्म निरन्तर सहभागी सँगै खेल सामग्रीहरु समेत सहयोग गरेको थियो । २०३८ सालमा काठमाडौंमा भएको प्रथम राष्ट्रिय खेलकुद प्रतियोगितामा यस क्लबका अधिकांश खेलाडी सहभागी भएका थिए। त्यो क्रम लगातार तेस्रो संस्करणसम्म चलेको थियो बिचमा क्लब निस्क्रीय रहेको अध्यक्ष आनन्द तभ्र्याले बताए। महेन्द्रपुल क्लबको स्थापना हुँदा पोखरामा अन्य क्लबको स्थापना भइसकेको थिएन। उक्त क्लबको स्थापनापश्चात अन्य क्लबको स्थापना भएको थियो । सोही क्लबले विधिवत रुपमा २०६३ सालमा दर्ता भएको हो।

प्रतियोगिता संयोजक सेजोल जोजिजुले युथ क्लब भएकाले ग्रासरुट स्तरबाट जानका लागि पहिलो प्रतियोगिता नै उमेर समूहको गराएको बताए । फाइभ वाई फाइभको आधारमा खेलाइएको प्रतियोगिताको बिजेताले ४० हजार रुपैयाँ, ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछनभने उपबिजेताले नगद २५ हजार रुपैयाँ ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन । प्रतियोगितामा हाइस्कोरर र मस्ट भ्यालुएवल प्लेयरले ट्रफी र प्रमाणपत्र प्राप्त गर्ने प्रतियोगिता संयोजक जोजीजुले जानकारी दिए।

# व्यास नगरका सयजना किसानलाई पशुपालन तालिम

**पोखरापत्र संवाददाता**
तनहुँ, २९ बैशाख

व्यास नगरपालिका कार्यालयले नगर क्षेत्रका एक सय अगुवा कृषकलाई कृषि र पशुपालन तालिम प्रदान गरेको छ।

गोवर्द्धन शर्मा स्मृति कोषको आयोजनामा शुक्रबारदेखि सुरु भएको दुईदिने तालिममा व्यास नगरपालिकाको वडा नम्बर ५, ७, ९, १० र ११ वडाका अगुवा कृषक सहभागी छन् । तालिममा भेटेरनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र तनहुँका प्रमुख डा राजेशकुमार चौधरी, व्यास नगरपालिका कृषि तथा पशुपन्छी विभाग प्रमुख डा मनोज विश्वकर्मा र पशु चिकित्सक डा सञ्जय श्रेष्ठले बाख्रा, गाईभैंसी, पशु चौपायालगायत पशुपालनको बारेमा ख्याल गर्नुपर्ने पक्ष र अनुदानको बारेमा र व्यास नगरपालिका कृषि शाखा प्रमुख प्रतिभा बगाले, कृषि ज्ञान केन्द्र तनहुँका बाली संरक्षण अधिकृत किरण परियारले कृषि बालीमा ख्याल गर्नुपर्ने पक्ष, शत्रुजीव र मित्रुजीवको पहिचान र वन क्षेत्रको विकास र संरक्षणको बारेमा नारायण कोइरालाले सहजीकरण गर्नुभएको स्मृति कोषले जनाएको छ।

पचास-पचास जनाको समूह बनाएर तालिम दिइएको हो।

व्यास नगरपालिका क्षेत्रका अगुवा कृषकलाई सङ्गठित गरी आफूहरूले सीप हस्तान्तरण गर्न तालिम दिएको व्यास नगरपालिकाका प्रमुख वैकुण्ठ न्यौपानेले जानकारी दिनुभयो । व्यास नगरपालिका क्षेत्रलाई कृषि र पशुपालनमा आत्मनिर्भर बनाउन आफूहरू जुटेकोसमेत नगरप्रमुख न्यौपानेले बताउनुभयो । करिब १८ वर्षदेखि कोषले प्राङ्गारिक खेती प्रवर्द्धनको लागि विभिन्न कृषक समूह र सहकारीलाई तालिम दिँदै आएको कोषका महासचिव रामचन्द्र पोखरेलले बताउनुभयो।

# तनहुँसहित तीन जिल्ला जोड्ने पराशर मार्गमा स्तरोन्नति

**पोखरापत्र संवाददाता**
तनहुँ, २९ बैशाख

तनहुँसहित तीन जिल्ला जोड्ने पराशर मार्गमा स्तरोन्नति सुरु गरिएको छ।

लमजुङको पश्चिम, कास्कीको पूर्वी र तनहुँको उत्तरी भेग जोड्ने मार्गमा पक्की नालासहित कालोपत्रको काम अघि बढाइएको हो । आयोजनाबाट तीन जिल्लाका हजारौं बासिन्दा प्रत्यक्ष लाभान्वित हुने व्यास नगरपालिका सिनियर इञ्जिनियर डा राजु पौडेलले जानकारी दिनुभयो । उहाँका अनुसार व्यास नगरपालिकाको गौरव आयोजनाको रुपमा लिइएको छ । आयोजना निर्माणका लागि बिकेएचटिडिसिएल-एसिपिएल जेभी र नगरपालिकाबीच सम्झौता भई निर्माण कार्यअघि बढाइएको नगरपालिकाले जनाएको छ । पृथ्वीराजमार्गअन्तर्गत तनहुँको सदरमुकाम दमौली बजार क्षेत्र प्रवेश नगरी पोखरा जाने वैकल्पिक मार्गका रुपमा विकास गर्न सकिने इञ्जिनियर पौडेलले बताउनुभयो । उक्त पराशर मार्गअन्तर्गत पर्ने (बुल्दीखोला, घाँसीकुँवाबेल्टारी,अधेरीभञ्ज्याङ, पोखरेलफाँट, कुमाल गाउँ, समता विद्यालय, नराङ हुँदै कलेस्ती) १० दशमलव ५५० किलोमिटर दूरीमा नालासहितको कालोपत्र गरिनेछ। विश्व बैंकको अनुदान सहयोगमा व्यास-७, ९, १० र ११ गरी चार वडालाई जोड्ने गरी रिङरोड निर्माण गरिनेछ, उहाँले भन्नुभयो, "आयोजनाका लागि भ्याटसहित रु ४० करोड ४३ लाख ३५ हजार नौ सय २१ बजेट रहेको छ ।" विसं २०८२ असारभित्र आयोजनाको निर्माण कार्य सम्पन्न गर्ने गरी निर्माण कम्पनीले सम्झौता गरेको नगरपालिका कार्यालयले जनाएको छ । परामर्श संस्थाका रुपमा बिओटीइके-जिओइसी जेभी काठमाडौं रहेको छ। नगरपालिकाले तीन वटा मार्गका लागि प्रस्ताव पेस गरेको उक्त आयोजना छनौटमा परेको व्यास नगरप्रमुख बैकुण्ठ न्यौपानेले जानकारी दिनुभयो । उहाँका अनुसार शहरी विकास मन्त्रालय भवन विभागअन्तर्गत उक्त आयोजनाको निर्माण कार्य अघि बढाइएको हो।

# बन्यो पूर्वाधार विकास कार्यालयको सुविधासम्पन्न भवन

**पोखरापत्र संवाददाता**
पर्वत, २९ बैशाख

गण्डकी प्रदेशको भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयअन्तर्गत पर्वतमा रहेको पूर्वाधार विकास कार्यालयको भवन निर्माण सम्पन्न भएको छ।

कार्यालयको २१ कोठको चारतले भवन निर्माण सम्पन्न भएको हो । कार्यालय प्रमुख गुरुदत्त अधिकारीका अनुसार झण्डै रु साढे तीन करोडको लागतमा निर्माण भएको भवन भूकम्पप्रतिरोधी र अपाङ्गमैत्री छ । विसं २०७८ वैशाख २५ गते भवन निर्माणका लागि अमित बिल्डर्स र कार्यालयबीच रु तीन करोड ४० लाखमा ठेक्का सम्झौता भएको थियो । हालसम्म रु तीन करोड छ लाख भुक्तानी भएको अधिकारीले बताउनुभयो। हाल खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयको भवनमा रहेको कार्यालय आगामी नयाँ आर्थिक वर्षदेखि नयाँ भवनबाट सञ्चालन गर्ने तयारी गरेको कार्यालय प्रमुख अधिकारीले बताउनुभयो। साँघुरो कोठा भएका, छरिएका र पुराना भवनमा रहेको कार्यालय एउटै भवनबाट सञ्चालन गर्दा सहज हुने उहाँले बताउनुभयो। पूर्वाधार विकास कार्यालय पर्वतमा स्थापना भएको छ वर्षपछि आफ्नै भवन तयार भएको हो।

कार्यालय तयार भए पनि दरबन्दीअनुसारका कर्मचारी नहुँदा कार्यसम्पादनमा भने समस्या भएको छ । चालु आवमा बजेट विनियोजन भएका एक सय ५२ वटा योजनामध्ये हालसम्म ६६ योजना सम्पन्न भइसकेका छन् ।

कार्यालयका अनुसार जिल्लामा यस वर्ष १६ किलोमिटर सडक कालोपत्र भइसकेको छ । चालु आवको चैत मसान्तसम्म कार्यालयको भौतिक प्रगति ४५ प्रतिशत भएको कार्यालय प्रमुख अधिकारीले बताउनुभयो।

# सेतीनदी आसपासका पन्ध्र स्थानमा 'अलर्ट साइरन'

**पोखरापत्र संवाददाता**
तनहुँ, २९ बैशाख

तनहुँ जलविद्युत् आयोजनाले आपतकालिन तयारी योजनाअन्तर्गत सेती नदी आसपासका १५ स्थानमा 'अलर्ट साइरन' जडान सुरु गरेको छ।

ऋषिङ गाउँपालिका-१ झापुटारमा निर्माणाधीन १४० मेगावाट क्षमताको यस आयोजनाले तनहुँको भीमाददेखि चितवनको घुमाउनेसम्म जडान गर्न लागेको हो।

करिब ३५ किलोमिटर दुरीमा अलर्ट साइरन राखेर नदी तटीय क्षेत्रका समुदायको सुरक्षाका लागि अग्रीम सूचना दिन लागेको आयोजनाले जनाएको छ । जिल्लाको भीमादस्थित हुक्सेटार, दमौलीको तनहुँ सभाहल र आयोजना क्याम्पभित्र गरी तीन स्थानमा जडान गरिसकिएको तनहुँ जलविद्युत् आयोजना वातावरण अधिकृत विशाल भट्टराईले जानकारी दिनुभयो । "अब छिट्टै इलाका प्रहरी कार्यालय बन्दीपुर साराडघाटमा राखिनेछ", उहाँले भन्नुभयो, "बर्खा अघि सबै स्थानमा अलर्ट साइरन राखि सक्ने योजना अनुरुप काम थालिएको छ।"

उहाँका अनुसार अलर्ट साइरन वायरलेस र सोलारबाट चल्ने छन् । प्याकेज-१ अन्तर्गत करिब ४० मिटर अस्थायी बाँध निर्माण सम्पन्न गरिसकिएको छ। बर्खा भएकाले बीस वर्षमा आउनसक्ने सम्भावित बाढीलाई मध्यनजर गर्दै उक्त बाँध निर्माण गरिएको हो । आयोजना प्रवर्द्धक तनहुँ हाइड्रोपावरका प्रबन्ध-सञ्चालक किरणकुमार श्रेष्ठले बाढी पहिराको समयमा अग्रीम सूचना दिनका लागि अलर्ट साइरन राखिएको बताउनुभयो। उक्त आयोजनामा सोङ्ग दा कर्पोरेसन, भियतनाम-कालिका कन्सट्रक्सन, नेपाल जेभीले गरिरहेको छ।

# निरमाया दोहोरी साँझले जित्यो प्रथम रुपाहिल कप फुटसलको उपाधि

पोखरापत्र संवाददाता
पोखरा, २९ बैशाख

पोखरामा सम्पन्न भएको अन्तर दोहोरी साँझस्तरीय प्रथम रुपाहिल कप ५ 'ए' साइड फुटसल प्रतियोगिताको उपाधि निरमाया दोहोरी साँझले जितेको छ।

शनिबार भएको फाइनल खेलमा निरमाया दोहोरी साँझले आयोजक रुपाहिल दोहोरी साँझलाई १-० गोल पराजित गर्दै उपाधि जितेको हो। निरमायाको जितमा गुप्त गुरुङले निर्णायकम गोल गरे। उपाधि चुमेको निरमायाले नगद २५ हजारसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गरे। उपविजेतामा चित्त बुझाएको आयोजक रुपाहिलले १५ हजारसहित ट्रफी, मेडल र प्रमाणपत्रमा गऱ्यो। प्रतियोगिताको सर्वोकृष्ट खेलाडी रुपाहिल दोहोरी साँझका चन्द्र गुरुङ (तमु मुन), उत्कृष्ट गोल रक्षक निरमारया दोहोरी साँझका रोशन गुरुङ र सर्वाधिक गोलकर्ता निरमाया दोहोरी साँझक गुप्त गुरुङले नगद १/१ हजार रुपैयाँ पुरस्कार प्राप्त गरे। पोखरामा शुक्रबारबाट सञ्चालन भएको प्रथम रुपाहिल कप ५ 'ए' साइड फुटसल प्रतियोगितामा १२ वटा दोहोरी साँझको सहभागिता रहेको थियो। फुटसल प्रतियोगिताको समापन समारोहमा बोल्दै पोखरा महानगरपालिका-१० का वडाध्यक्ष राजेश गुरुङले अन्तरदोहोरी साँझस्तरीय फुटसल प्रतियोगिताले दोहोरी [illegible] भाइचाराको सम्बन्ध बढेर जाने बताए। वडाध्यक्ष गुरुङले खेलकुद उपाधिका लागि मात्र नभएर स्वास्थ्यको लागि समेत अनिवार्य रहेको बताए। कार्यक्रम रुपाहिल दोहोरी साँझका अध्यक्ष सुवास गुरुङको अध्यक्षता, गायक सुरेस रानाको सञ्चालनमा सम्पन्न भएको थियो।



# नेराशि संगठन अन्नपूर्णमा अभिमूखिकरण तथा शिक्षक सम्मान

पोखरापत्र संवाददाता
पोखरा, २९ बैशाख

नेपाल राष्ट्रिय शिक्षक सङ्गठन राष्ट्रिय समितिको विशेष अभियान अन्तर्गत अन्नपूर्ण गाउँपालिका समिति, कास्कीको आयोजनामा March to Local Level 2024 कार्यक्रम सम्पन्न भएको छ।

साङ्गठनिक सुदृढिकरण तथा शैक्षिक गुणस्तर अभिवृद्धिका लागि आयोजना गरिएको अभियान अन्तर्गत प्रदेश र जिल्ला स्तरका अभिमूखिकरण कार्यक्रम पछि स्थानीय पालिकाहरुमा अभिमूखिकरण कार्यक्रम गरिएको हो। २०८० सालको शिक्षक सेवा आयोगको परिक्षामा सफलता प्राप्त गरी प्राथमिक तहमा नियुक्त भई अन्नपूर्ण गाउँपालिका कास्कीमा पदस्थापन भएका नवनियुक्त शिक्षकहरुलाई स्वागत तथा सम्मान समेत गरिएको उक्त कार्यक्रममा प्रमुख अतिथिको रुपमा बोल्दै नेपाल राष्ट्रिय शिक्षक सङ्गठन कास्कीका कोषाध्यक्ष एवम् अन्नपूर्ण इन्चार्ज माधव पाहारीले शिक्षकहरु कक्षाकोठामा अब्बल र समुदायमा अनुकरणीय हुनुपर्ने बताए। उनले भने, "शिक्षकहरु समाज परिवर्तनका सम्वाहक हुन्, विचारका प्रणेता हुन्। उनीहरुको विचार संसारका कुनैपनि शक्तिले रोक्न सक्दैन। शिक्षक सम्मानित नभइ समाज सभ्य हुन सक्दैन।" कार्यक्रममा कास्की जिल्ला समितिका सचिवालय सदस्य तोरण बहादुर केसी, शिक्षक हित बचत तथा ऋण सहकारी सस्था लि. का उपाध्यक्ष बाबुराम भुजेल, सम्मानित नवनियुक्त शिक्षक दिपेन्द्र सुवेदीले शुभकामना व्यक्त गरेका थिए।उपाध्यक्ष इन्दकुमारी गुरुङको स्वागत, अध्यक्ष हरि भण्डारीको अध्यक्षता तथा सचिब किर्तीराज ढकालको सञ्चालनमा भएको उक्त कार्यक्रमले यस वर्षको लागि साङ्गठनिक कार्ययोजना समेत निर्माण गर्दै विभिन्न कार्यक्रमको लागि सदस्यहरुलाई विभागीय जिम्मेवारी प्रदान गरेको छ।



# फोहर सङ्कलनमा नेपाली सेना प्रथम

पोखरापत्र संवाददाता
तनहुँ, २९ बैशाख

तनहुँको दमौलीस्थित बुल्दीखोलामा आज आयोजित बृहत् सरसफाइ अभियानमा नेपाली सेनाको टोलीले एक हजार केजीभन्दा बढी फोहर सङ्कलन गरी प्रथम भएको छ।

युवा अभियान्ता सुदीप गफ्फारको सक्रियतामा सञ्चालित सरसफाइ अभियानमा धेरै फोहर सङ्कलन गर्ने व्यास नगरपालिका-५ चापाघाटस्थित कालीभञ्जन गण (इ) लाई पुरस्कृत गरियो।

व्यास नगरपालिका-१ करङकाठदेखि व्यास नगरपालिका-३ सेतीबुल्दी दोभानसम्म भएको सरसफाइ अभियानमा सेनाले एक हजार २४ किलो फोहर सङ्कलन गरेको थियो। त्यस्तै व्यास नगरपालिका-२ स्थित पुलजीप टोल विकास संस्थाले नौ सय ४० दशमलव सात किलो फोहर सङ्कलन गरी दोस्रो स्थान हासिल गरेको छ। प्रथम भएको समूहलाई नगद रु १० हजार र प्रमाणपत्र तथा दोस्रो भएको समूहलाई नगद रु पाँच हजार र प्रमाणपत्र प्रदान गरिएको छ। विद्यालयस्तरीय बालबालिकाबीच भएको उक्त प्रतिस्पर्धामा न्यू मनकामना बोर्डिङ स्कूल प्रथम र कन्काइ ग्लोबल एकेडेमी दोस्रो भएको छ। मनकामनाका विद्यार्थी समूहले छ सय ४५ दशमलव नौ र कन्काइका विद्यार्थी समूहले पाँच सय १६ दशमलव नौ किलो फोहर सङ्कलन गरेका थिए। उनीहरूलाई क्रमशः रु चार हजार र रु दुई हजार नगद प्रदान गरियो। त्यसक्रममा कूल ५४ समूहको सहभागिता रहेको थियो। बुल्दीखोला दिनप्रति दिन प्रदूषित बन्दै गएकाले सरसफाइ अभियान सञ्चालन गरिएको अभियान्ता गफ्फारले जानकारी दिनुभयो। खोला सरसफाइसँगै प्रतियोगितात्मक रूपमा सञ्चालन गरिएको यस अभियानले सरसफाइ गर्नुपर्छ भन्ने सन्देश दिन खोजिएको उहाँको भनाइ छ। बृहत् सरसफाइ अभियानका लागि टोल, विद्यालय, क्याम्पस, सङ्घसंस्था लगायतबाट साथ र सहयोग पाएको बताउनुभयो। बुल्दीखोला स्वच्छ र सफा राख्ने उद्देश्यसहित बृहत् सरसफाइ अभियान सञ्चालन गरिएको उहाँले बताउनुभयो। उहाँले भन्नुभयो, "भावी पुस्ताका लागि खोला संरक्षण गर्नुपर्ने अवस्था आएको छ। खोलाको अवस्था देखेर सरसफाइ अभियान सञ्चालन गर्ने जमर्को गरेको हुँ।" बुल्दीखोला धार्मिक महत्वसँग जोडिएको उल्लेख गर्दै उहाँले भन्नुभयो, "महर्षि वेदव्यासले बुल्दीखोलामा हात धोएको धार्मिक महत्व छ। त्यसकारण पनि यसको संरक्षण गर्नुपर्छ। यहाँका ढुङ्गाढुङ्गामा देवताको बास छ।"उहाँकै नेतृत्वमा आगामी जेठ ५ गते भानु र बन्दीपुरको सिमानास्थित चुँदीखोलामा वृहत सरसफाइ अभियान सञ्चालन हुँदैछ। व्यास नगरपालिकाका प्रमुख बैकुण्ठ न्यौपानेले एउटा युवाको सक्रियतामा बुल्दीखोला बृहत् सरसफाइ अभियान हुनु खुसीको कुरा भएको बताउनुभयो। उहाँले भन्नुभयो, "यो अभियानमा सबैकोसद्भावरसहयोगहुनराम्रो कुरा हो।" व्यास नगरपालिकाका पूर्वप्रवक्ता मोहनकुमार श्रेष्ठले समाज बदल्न पहिला आफू बदलिन पर्ने बताउँदै त्यसको नेतृत्व एउटा युवाले गरेकामा खुसी व्यक्त गर्नुभयो।

# बागलुङस्थित महादेव मन्दिरको स्वरूप फेरिँदै

पोखरापत्र संवाददाता
बागलुङ, २९ बैशाख

बागलुङका काठेखोला गाउँपालिका-५ को बिहुँ, रामकोटस्थित त्रिपुरेश्वर महादेव मन्दिरको स्वरूप फेरिएको छ।

प्रदेश तथा स्थानीय सरकार र अन्य सहयोगीबाट प्राप्त आर्थिक सहयोगले पर्यटकीय पूर्वाधार निर्माण भएपछि यहाँको स्वरूप फेरिएको हो। मन्दिर परिसरमा आवास, सत्तल निर्माण, खानेपानी शौचालय, मन्दिर परिसरमा ढुङ्गा छाप्ने लगायतको पूर्वाधार निर्माणजस्ता कार्य मन्दिरकै आन्तरिक आयबाट गरिँदै आइएका थिए। पछिल्लो दुई वर्षयता गण्डकी प्रदेश सरकारको पर्यटन मन्त्रालय, काठेखोला गाउँपालिका, वडा कार्यालय र विभिन्न व्यक्तिहरुको सहयोगमा भौतिक पूर्वाधार निर्माणले तीव्रता पाएपछि यहाँको स्वरूप फेरिएसँगै पर्यटक आवागमनमा समेत वृद्धि भएको छ। सडकमार्गदेखि मन्दिर पुग्ने तीन सय ५० मिटर सडक ढलान गर्ने, रेलिङसहितको सय मिटर पदमार्ग निर्माण गर्ने काम सम्पन्न भइसकेको छ भने मन्दिर परिसरमा १०८ शिव लिङ्ग निर्माण गर्ने र प्रवेशद्वार निर्माण गर्ने कार्य चलिरहेको त्रिपुरेश्वर महादेव मन्दिरका अध्यापक हंस चैतन्यले जानकारी दिनुभयो। मन्दिर परिसरमै श्री परमानन्द वेदवेदाङ्ग संस्कृत विद्यालय पनि विसं २०३३ सालदेखि सञ्चालनमा छ।

"प्राकृति भ्यूटावरजस्तो डाँडामा रहेको त्रिपुरेश्वर महादेव मन्दिर र मन्दिर परिसरले धेरैलाई लोभ्याउने गरेको छ। अहिले मध्यपहाडी लोकमार्ग हुँदै हिँडेका केही सवार ीसाधन मन्दिर परिसरमा आइपुग्छन्, टिकटक बनाउँछन् र फोटो खिचेर जान्छन्", चैतन्यले भन्नुभयो, "विशेष मेला लाग्ने समयमा धार्मिक पर्यटकको भीड थामिनसक्नु हुन्छ। शिवरात्रीमा त लोकमार्गसम्मै भक्तजनहरु हुन्छन्।

घना जङ्गलको बीचमा रहेको मन्दिरसँगै प्राकृतिक छटामा रमाउन अघिपछि पनि यहाँ आउनेको सङ्ख्यामा वृद्धि भइरहेको छ।" यहाँ घुम्न आउने पर्यटकहरु बढ्नुको पछाडि पर्यटकीय पूर्वाधार प्रमुख कारण रहेको उहाँको भनाइ छ। यहाँ काठेखोला गाउँपालिकाको रु ३० लाख बजेटमा तीन सय ५० मिटर सडक ढलान गरेर मन्दिरको सय मिटर तल पुऱ्याइएको छ भने त्यसमाथि गण्डकी प्रदेश सरकारको रु १० लाख बजेटमा सय मिटर ढुङ्गा छापेर रेलिङसहितको पदमार्ग निर्माण गरिएको छ। यस्तै, काठेखोला गाउँपालिका-५ घर भई हाल जापानमा कार्यरत रामु कँडलबाट रु १० लाख सहयोग प्राप्त भएकाले हाल प्रवेशद्वार निर्माणको काम भइरहेको त्रिपुरेश्वर महादेव मन्दिर व्यवस्थापन समितिका सदस्य गोविन्द विकले जानकारी दिनुभयो।

"१०८ शिव लिङ्ग निर्माण गर्न थालिएको छ, प्रवेशद्वार कलात्मक बनाइँदै छ, पर्यटकहरुलाई लक्षितगरी विभिन्न पूर्वाधारहरु थप भइरहेका छन्", विकले भन्नुभयो "सम्पूर्ण हिन्दू धर्मावलम्बीको आस्थाको केन्द्रका रूपमा रहेको त्रिपुरेश्वर महादेव मन्दिर पछिल्लो समय फेरिएको छ।" विसं १७५० को समयमा हालको मन्दिर रहेको क्षेत्रमा केही कुटीहरु भएको र त्यसमा साधु सन्तहरू बस्ने गरिएको भन्ने गरिएको छ। हाल सोही ठाउँमा मन्दिर स्थापना गरिएको छ। विगतमा यस क्षेत्रमा रामका भक्तहरू बस्ने भएकाले मन्दिरलाई रामकोट र पछि स्थानीयले शिव लिङ्ग स्थापनागरी आश्रम बनाएपछि यो क्षेत्र शिवालयका नामले परिचित छ।

# सार्दिखोला पोखरा सम्पर्क समितिमा पुन बम बहादुर

पोखरापत्र संवाददाता
पोखरा, २९ बैशाख

सार्दीखोला पोखरा सम्पर्क समितिको शनिवार पोखरामा सम्पन्न चौथो अधिवेशनले बम बहादुर गुरुङ्गको अध्यक्षतामा १५ सदस्यीय कार्यसमिति चयन गरेको छ।

समितिको प्रथम उपाध्यक्षमा लोकनाथ आचार्य द्वितीय उपाध्यक्ष मनसुबा गुरुङ्ग,सचिब अनिल गुरुङ्ग, सहसचिब धन बहादुर गुरुङ्ग र कोषाध्यक्षमा भोजराज आचार्य चयन भएका छन्। समितिको सदस्यहरुमा सु शेर बहादुर गुरुङ्ग, आश कुमारी गुरुङ्ग, कमला गुरुङ्ग, सु तेज बहादुर गुरुङ्ग,नासु हिरा बहादुर घले, ईन्द्रकाजी गुरुङ्ग, क्या. हर्क बहादुर गुरुङ्ग, लिला बहादुर कस्तरी र दुर्गा लक्ष्मी गुरुङ्ग सर्वसम्मतीले चयन भएका छन्। निर्वाचन समितिका संयोजक मित्रलाल आचार्य सदस्यहरु पुण्य पौडेल र बम बहादुर गुरुङ्ग (सानो मुखीया) ले सर्वसम्मत कार्य समितिको प्रस्ताब पेश गरेका थिए।अधिवेशनको गण्डकी प्रदेश सभा सदस्य गणेशमान गुरुङ्गले उद्घाटन गर्दै सार्दिखोला पोखरा सम्पर्क समितिले गरेको काम प्रशंशनीय रहेको बताए। सम्पर्क समितिका अध्यक्ष बम बहादुर गुरुङ्गको अध्यक्षतामा भएको चौथो अधिवेशन तथा १३ औं साधारण सभामा माछापुच्छ्रे गाउँपालिकाका प्रबक्ता एवं वडा नं २ का वडाध्यक्ष गणेश आचार्य, माछापुच्छ्रु माविका प्रअ सन्तोष आचार्य, सम्पर्क समितिका सल्लहाकार समिति संयोजक अम्बर बहादुर गुरुङ्ग, सदस्य मित्रलाल आचार्य, प्रथम उपाध्यक्ष लोकनाथ आचार्यले सम्पर्क समितिले शैक्षिक र सामाजिक क्षेत्रमा पुर्याएको भुमिकाको चर्चा गरेका थिए।अधिवेशनमा अध्यक्ष बम बहादुर गुरुङ्गको समितिको प्रतिवेदन र कोषाध्यक्ष भोजराज आचार्यले पेश गरेको आर्थिक प्रतिवेदन पारित गरेको सचिव अनिल गुरुङ्गले जानकारी दिए।



# उर्वराशक्ति बढाउन प्राकृतिक खेती अभियान सुरु

पोखरापत्र संवाददाता
पर्वत, २९ बैशाख

रासायनिक मल र बढ्दो विषादीको प्रयोगले खेतबारीको उत्पादन शक्ति ह्रास हुँदै गएको छ। त्यसले गर्दा खेतबारीमा अन्नपात उत्पादनको दर घट्दै जान थालेको छ।

यस्तो अवस्थामा पर्वतका केही ग्रामीण बस्तीमा प्राकृतिक खेती अभियान थालिएको छ। वातावरणलाई कम क्षति हुने र प्राकृतिक स्रोत साधनको अधिकतम प्रयोग गर्ने गरी प्राकृतिक खेती अभियान थालिएको हो।

कृषकलाई जैविक पद्धतिबाटै कृषि बाली लगाउनेतर्फ आकर्षित गर्ने उद्देश्यले पहिलो पटक प्राकृतिक खेती अभियान थालिएको हो। प्राकृतिक खेतीका लागि पहिलो चरणमा जिल्लाका विभिन्न पालिकाका किसानलाई तालिम प्रदान गरेर खेती गर्न लगाएको छ। जिल्लामा सञ्चालित समाज कल्याण स्रोत विकास केन्द्रले गुड नेवर्स इनटर नेसनल नेपालको आर्थिक तथा प्राविधिक सहयोगमा सञ्चालन गरेको एकीकृत सामुदायिक विकास परियोजनाअन्तर्गत प्राकृतिक खेती अभियान थालिएको परियोजना अधिकृत रमेश रिजालले बताउनुभयो।

परियोजनाले जिल्लाका मोदी गाउँपालिका-४ क्याङ्ग, फलेवास नगरपालिका-७ लिमिठाना र वडा नं ९ भङ्गराका गरी कूल दुई सय किसानलाई आवश्यक ज्ञान, सीप, औजार र बीउ प्रदान गरी प्राकृतिक खेती कार्यक्रम सञ्चालन गरिरहेको छ। पहिलो चरणमा तीन वडावाट सुरुआत गरिएको प्राकृतिक खेतीलाई जिल्लाभर विस्तार गरिने संस्थाले जनाएको छ। प्राकृतिक खेतीलाई कृषि विज्ञानमा आधारित खेती प्रणालीका रूपमा विकास गरिने छ। बाली, रूख र पशु धनलाई कार्यात्मक जौविक विविधतासँग एकीकृत गरी खेतीबाली लगाउनेतर्फ किसानलाई आकर्षित गरिने रिजालले बताउनुभयो। प्राकृतिक खेती पद्धतिमा रसायनको प्रयोग नगरी प्राकृतिक सामग्रीको प्रयोग गरिने भएकाले माटोमा कुनै असर नगर्ने विज्ञहरूको सुझाव छ। सामग्री स्थानीय स्तरमा पाइने तथा आवश्यक सेवा बजारबाट खरिद नगरी किसान आफैँले उत्पादन गर्ने हुँदा उत्पादन लागत घट्ने भएको छ। यस किसिमको खेती गर्नाले वातावरण मैत्री, उच्च प्रतिफल, कम लागत, उच्च गुणस्तर, अनुकूलन योग्य र किसान मैत्री रहने परियोजना अधिकृत रिजालले बताउनुभयो। यो प्रविधिले खेती गर्दा स्वास्थ्यलाई फाइदा हुनाका साथै जमिनको उर्वराशक्ति बढ्दै जाने भएकाले किसान प्राकृतिक खेती प्रणालीमा उत्प्रेरित बन्दै गएको मोदी वडा नं ४ क्याङका किसान नरसिङ पुनले बताउनुभयो। यो प्रविधिबाट खेती गर्दा माटोको उर्वराशक्ति बढ्ने र यसमा फलाएको खाद्यान्न बाली तथा तरकारी मानव स्वास्थ्यका लागि प्रभावकारी हुने भएकाले किसानको आकर्षण बढेको उहाँको भनाइ छ। रासायनिक मल र विभिन्न विषादीले माटोमा अम्लियपना बढ्दै गएका बेला जैविक पद्धतिबाट खेती गर्दा सुरुआतमा कम उत्पादन हुने भए पनि कालान्तरमा फाइदा पुग्ने कृषि ज्ञान केन्द्रका बागवानी विकास अधिकृत शंकर पौडेलले बताउनुभयो। जैविक पद्धतिबाट गरिएको उत्पादनले जमिन र मानिसको स्वास्थ्य दुवैलाई फाइदा पुग्ने उहाँको भनाइ छ।

# पर्यटकीय गाउँ जोड्ने सडक कालोपत्र

पोखरापत्र संवाददाता
पर्वत, २९ बैशाख

गण्डकी प्रदेश सरकारको लगानीमा लमजुङको क्व्होलासोथार गाउँपालिकास्थित पर्यटकीय घलेगाउँ र भुजुङ जोड्ने सडक कालोपत्र गर्न थालिएको छ। भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयको बेसीसहर-बागलुङपानी-घलेगाउँ सडक आयोजनाअन्तर्गत बागलुङपानीदेखि घलेगाउँतर्फ कालोपत्र गर्न सुरु गरिएको हो।

बागलुङपानी-घलेगाउँ जोड्ने १० किमिमा कालोपत्र र घलेगाउँदेखि मस्याङ्दी गाउँपालिका-१ हुँदै क्व्होलासोथार-४ भुजुङ जोड्ने सात किमि सडक ग्राभेल गर्ने कामले तीव्रता पाएको पूर्वाधार विकास कार्यालय लजमुङले जनाएको छ। कान्छाराम कन्सट्रक्सनले विसं २०७६ मा रु ३६ करोड ६६ लाखमा ठेक्का सम्झौता गरेको यो सडक आयोजना विसं २०७८ मा सम्पन्न हुनुपर्नेमा कोरोना महामारीका कारण पछाडि धकेलिएको थियो। दुई वर्षपछि निर्माणले गति लिएको सडकको बागलुङपानीदेखि घलेगाउँतर्फ प्रिमिक्स प्रविधिको कालोपत्र गर्न थालिएको पूर्वाधार विकास कार्यालयका प्रमुख विवेक सिग्देलले बताउनुभयो। एक किमि पाँच सय मिटर दुईतर्फी र सात सय मिटर एकतर्फी कालोपत्र भइसकेको उहाँको भनाइ छ।

"सडक निर्माणको भौतिक प्रगति ६० प्रतिशत पुगेको छ, पछिल्लो समय द्रुत गतिमा काम भइरहेको छ", प्रमुख सिग्देलले भन्नुभयो, "घलेगाउँ, भुजुङ जोड्ने ग्रामिण पर्यटन विकासका लागि पनि निकै महत्वपूर्ण छ।"

घलेगाउँसम्म सडक चौडा, नाली, पर्खाल निर्माणलगायतका काम सकेर सब-बेस राखिसकिएको निर्माण कम्पनीले जनाएको छ। कम्पनीका अनुसार पहिरो प्रभावित तोरीबारी-खेनगी खण्डबाहेकको ठाउँमा कालोपत्र गर्ने तयारी भइरहेको छ। घलेगाउँदेखि भुजुङतर्फ ग्राभेल गर्नका लागि सडक चौडा पार्ने, नाली, पर्खाल, ग्रेड तथा घुम्ती सुधारको कामलाई तीव्रता दिइएको सो खण्डको सहायक निर्माण कम्पनी भरोस निर्माण सेवाका सञ्चालक भरोस खड्काले बताउनुभयो।

सडक कालोपत्र भएपछि दुवै पर्यटकीय गाउँका स्थानीयवासीदेखि आन्तरिक तथा बाह्य पर्यटकलाई आउजाउ गर्न सहज हुने क्व्होलासोथार गाउँपालिका-३ का वडाध्यक्ष आशवीर गुरुङले बताउनुभयो। 'स्मार्ट गाउँ'ले चिनिने घलेगाउँ र छिमेकी भुजुङ गाउँको पर्यटन प्रवर्द्धनमा थप मद्दत पुग्ने उहाँको भनाइ छ। सडकलाई समयमै पूर्णता दिन वडाले समन्वय र सहजीकरणको काम गरिरहेको वडाध्यक्ष गुरुङले बताउनुभयो।

यसअघि जिल्ला सदरमुकाम बेसीसहरदेखि बागलुङपानीतर्फ तीन किमि सडक कालोपत्र भइसकेको जनाएको छ। यस वर्ष थप रु १४ करोड बजेटको ठेक्का लगाइएको पूर्वाधार विकास कार्यालयले जनाएको छ। यो सडकले पश्चिम लमजुङको विकास र उन्नतिमा महत्वपूर्ण टेवा पुग्ने स्थानीयवासी बताउँछन्।